श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन ऐन, २०४९ को दफा ७०क. ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि देहायका वन पैदावारहरुलाई देहाय बमोजिम प्रतिवन्ध लगाएको छ :-

१. सङ्कलन, उपयोग विक्रि वितरण, ओसार पसार र विदेश निकासीको लागि प्रतिवन्ध लगाइएका जडिवुटीहरु:-
- (क) पाँच औले (Dactylorhiza hatagirea)
- (ख) ओखरको बोक्रा (Pictorial regia)
- •(ग) कुटकी (Picrorhiza scrophulariiflora)

⊗१क. वनस्पति विभागले कुट्की (Picrorhiza Scrophulariiflora) हो भनी यकिन गरी सिफारिश गरेको आधारमा वन विभागले उक्त जडीबुटीको उपलब्धता समेतलाई दृष्टिगत गरी निकासी गर्न स्वीकृति दिएको अवस्थामा बाहेक कुट्की विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

२. वनस्पति विभाग वा जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिशमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र प्रशोधन गरी सारतत्व निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक विदेश निकासी गर्न प्रतिवन्ध लगाइएका जडिवुटीहरु :-
- (क) जटामसी (Nardostachys grandiflora)
- (ख) सर्पगन्धा (Rauwolna sepentina)
- (ग) सुगन्धकोकिला (Cinnamomum glaucescens)
- (घ) सुगन्धवाल (Valeriana jatamansi)
- (ङ) झ्याउ (Lichean spp.)
- (च) तालिस पत्र (Abies spectabilis)
- (छ) लोठ सल्ला (Taxus spp.)

• खण्ड ५३ संख्या ३१ मिति २०६०।८।१ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाले हटाइएको ।
⊗ खण्ड ५३ संख्या ३१ मिति २०६०।८।१ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट थपिएको ।

३. वनस्पति विभाग वा जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिशमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र उमालेर सारतत्व निकाली (Boil and extract गरी) उपयुक्त ढंगले समिश्रण गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक शिलाजित (Rock Exudat) लाई विदेश निकासी गर्न प्रतिवन्ध लगाइएको छ ।

©४. वनस्पति विभाग वा जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिशमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र वाष्पीकरण र सम्वेष्टन (Steaming and Packging) गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक यार्सागुम्वा (Cordyceps sinensis) लाई विदेश निकासी गर्न प्रतिवन्ध लगाइएको छ ।

५. व्यापारिक प्रयोजनको लागि कटान, ओसार पसार र विदेश निकासी गर्न प्रतिवन्ध लगाइएका रुखहरु :-
- ®(क) चाँप (Michelia champaka m. kisopa)
- ®(ख) खयर (Acacia catechu)
- (ग) साल (Shorea robusta)
- ®(घ) सिमल (Bombax ceiba)
- (ङ) सतीसाल (Dalbergia latifolia)
- (च) विजयसाल (Pterocarpus marsupium)
- (छ) ओखर (Juglans regia) (राष्ट्रिय वनको मात्र)

द्रष्टव्य: उल्लिखित प्रतिवन्ध व्यवस्थापन योजनामा उल्लेख भए बमोजिम ढलापडा रुखमा, स्वीकृत कार्ययोजना बमोजिम कटान हुने रुखमा र प्राथमिकता प्राप्त आयोजनहरुबाट कटान हुने रुखको हकमा लागू हुने छैन ।

खण्ड ५०, संख्या ४३, मिति २०५७ साल फागुन १ गते र खण्ड ५०, संख्या ४५, मिति २०५७ साल फागुन १५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उपसचिव (कानून)

© खण्ड ५४ संख्या २५ मिति २०६१।६।१८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट खारेज गरिएको ।
® खण्ड ५७ संख्या २९ मिति २०६४।७।१९ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट झिकिएको ।

# भाग ५

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले वन ऐन,२०४९ को दफा ७०क.ले दिएको अधिकार प्रयोग गरी खण्ड ५१, संख्या ३६, मिति २०५८।९।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा देहाय बमोजिम संशोधन गरेको छ ।

(१) सूचनाको प्रकरण १ को खण्ड (ग) पछि

देहायको खण्ड ( घ) थपिएको छ :-

" (घ) झ्याउ ( Lichean Spp ) "

(२) सूचनाको सोही प्रकरणमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

" तर यो सूचना प्रकाशन हुनु अघि प्रचलित कानून बमोजिम इजाजत लिई संकलन भएको झ्याउ ( Lichean Spp ) " लाई वन विभागको सहमतिमा वनस्पति विभागवाट प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले एक महिनाभित्र निकासी गर्न पाइनेछ । "

(३) प्रकरण २ को खण्ड (ङ) झिकिएको छ ।

आज्ञाले,

युवराज भुसाल

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३